नेपाल सरकार
भूमी व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
# भूमी सुधार तथा मालपोत कार्यालय
पर्सा, वीरगंज

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ८९१
प्राप्त पत्र संख्या र मिति :

मिति :- २०८०/०४/१९

विषय : सूचना टाँस गरी जानकारी पठाई दिने वारे ।

श्री जिल्ला प्रशासन कार्यालय,पर्सा,वीरगंज ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, पर्सा, वीरगंज ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्सा, वीरगंज ।
श्री बहुदरमाई न.पा.नगर कार्यपालिकाको कार्यालय, बहुअरी पिडरी, पर्सा ।
श्री वडा कार्यालय, वडा नं.२,बैरियाविर्ता, ब.मा.न.पा.,पर्सा ।
श्री वडा कार्यालय, वडा नं.४, बहुअरी पिडरी, ब.मा.न.पा.,पर्सा ।
श्री वडा कार्यालय, वडा नं.९,बिश्रामपुर, ब.मा.न.पा.,पर्सा ।

उपरोक्त सम्बन्धमा बहुदरमाई न.पा.नगर कार्यपालिकाको कार्यालय,बहुअरी पिडरी पर्साको माग बमोजिम नेपाल सरकारको नाममा सार्वजनिक जग्गा कायम सम्बन्धी हकदावीको उजूर दाबीका लागि यस कार्यालयबाट प्रकाशन भएको ३५ दिने सार्वजनिक सूचना थान-१ यसैसाथ पठाईएको छ । प्राप्त भएपछि तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी पठाई दिनु हुन अनुरोध छ ।

बोधार्थ:
श्री ..................स्थानीय पत्रिका ,
पर्सा, वीरगंज : - उक्त सूचना प्रकाशन गर्नु भई लाग्ने दस्तुर सम्बन्धित व्यक्तिसंग लिनु हुन ।

२०८०/०४/१९
कार्यालय प्रमुख

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पर्सा
दर्ता नं. : १३५
दर्ता मिति : ०८०/०४/२५

नेपाल सरकार
भूमी व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
भूमी सुधार तथा मालपोत कार्यालय
पर्सा,बीरगंज

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ८११
प्राप्त पत्र संख्या र मिति :

मिति :- २०८०/०४/१९

## भूमि सुधार तथा मालपोत कार्यालय पर्साको हक दावी सम्बन्धी ३५ (पैंतिस) दिने सार्वजनिक सूचना ।

उप्रान्त तपसिलको जग्गामा निम्नानुसारको भौतिक पूर्वाधारका संरचनाहरु निर्माण गर्ने प्रयोजनका लागि उक्त किता जग्गालाई सार्वजनिक कायम गरी नेपाल सरकारको नाममा जग्गा धनी प्रमाण पुर्जा जारी गरी उपलब्ध गराई दिनु हुन भनी बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बहुअरी पिंडरी पर्साको च.नं.३० मिति २०८०।०४।०८ को पत्र प्राप्त हुन आएको हुँदा उक्त जग्गालाई सार्वजनिक कायम गर्ने सम्वन्धमा यस कार्यालयको मिति २०८०।०४।१८ को आदेशानुसार हक दावीको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । बहुदरमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बहुअरी पिंडरी पर्साको मागँ दावी भएको तपसिलको जग्गामा अरु कोही कसैको हक भोग लाग्ने, पुग्ने भए वा उल्लेखित जग्गा नेपाल सरकारको नाममा कायम हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मितिदेखि बाटोको म्याद बाहेक ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित उजुर दावी गर्न आउनु होला । म्याद भित्र दावी विरोध नपरेमा कानून बमोजिम हुनेछ ।

तपसिल :

| गा.वि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्ड बुकको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| बैरियाविर्ता दा.पु. | ८ | ३८४ | ७-०-० | जग्गावालाको महल खाली,किसानको महलमा पर्ति उल्लेख भएको, कैफियतमा ऐलानी लेखिएको | औद्यौगिक ग्राम स्थापना गर्न पूर्वाधार निर्माण गरिने । |
| बैरियाविर्ता दा.पु. | ८ | ३८५ | ०-११-० | ,, ,, ,, | |
| विश्रामपुर | ७ | ३२ | १-२-१७ मध्ये उतर पूर्व तर्फबाट ज.वि.०-१२-० | जग्गावालाको महल खाली,किसानको महलमा सडक उल्लेख भएको, कैफियत महल खाली | १५ शैययाको अस्पताल निर्माण गरिने । |
| बहुअरी पिडरी | ७ | ६७ | १-०-० | जग्गावालाको महल खाली,किसानको महलमा पोखरी उल्लेख भएको, कैफियत महल पोखरी ऐलानी | अतिथी सदन निर्माण गरिने । |

८११

२०८०।४।१९
कार्यालय प्रमुख

CamScanner